आज मिति २०७६ साल मंशिर ०५ गते बिहान ८: ०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देवराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय नं.१

कार्यालयद्वारा मिति २०७६/०६/०६ को नागरीक राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं १/०७६/०७७ (राजस्व) को सुचना र सोही मितिमा सार्बजनिक खरिद अनुगमन कार्यालयको वेब साइट https://ppmo.gov.np/egp मा समेत सुचना upload गरि ढुङ्गा,गिट्टी,बालुवा,रोडा आदि नदिजन्य पदार्थको बिक्रि शुल्कको ठेक्का सम्बन्धि बोलपत्रमा समावेश हुन आव्हान गरिएकोमा सो दुबै सुचनाको आधारमा बिभिन्न तिनवटा फर्महरुले आ-आफ्नो प्रस्ताब दर्ता गराएको देखिएको, दर्ता भएका सबै बोलपत्रहरु कार्यालयमा मिति २०७६/०७/०६ मा नियमानुसार बोलपत्रदाता प्रतिनिधिहरुको रोहबरमा खोलि तत्पश्चात कार्यालयको बोलपत्र मुल्यांकन समितमा पेश भइ मुल्यांकन प्रकृया अगाडी बढाउने सिलसिलामा मुल्यांकन समितिले २०७६/०६/२० र ऐ २१ गते बैठक बसि कार्यालयको केही त्रुटिहरुका कारण सो बोलपत्रउपर मुल्यांकनको कार्यलाई थप अगाडी बढाउन मुनासिब नदेखिएकोले सो संग सम्बन्धित सबै प्रकृया रद्ध गरि पुनःबोलपत्रको सुचना प्रकाशन गर्न कार्यपालिकालाई सिफारिस गर्ने निर्णय संलग्न राखि जानकारी गराएकोमा यस अघि मिति २०७६/०७/२४ को कार्यपालिका बैठकले मुल्यांकन समितिको सिफारिस बमोजिम सो ठेक्का संग सम्बन्धित सम्पूर्ण प्रकृया रद्ध गर्दा कार्यालयलाई पर्न सक्ने बिबिध नकारात्मक असरलाई मध्यनजर गर्दै बैंक जमानतको हकमा न्युनतम अबधि अर्थात १२० दिनलाई आधार मान्दै पर्न आएको बोलपत्रदाताको प्रस्तावलाई न्युनतम १२० दिन म्यादको बैंक जमानत भएमा मान्यता दिन सकिने गरि मुल्यांकन प्रकृया अगाडी बढाउन र समयमै सबै प्रकृया टुङ्गो लगाउन बोलपत्र मुल्यांकन समितिलाई अनुरोध गर्ने निर्णय गरेको। सो अनुरोध मुताबिक मुल्यांकन समितिले प्रस्तावदाताहरुको योग्यता जांच तथा तुलनात्मक तालिका परीक्षण समेत गरि देखिएका सबै बिबरण समेटेर प्रमुख प्रशासकीय अधिकृत मार्फत प्राप्त मिति २०७६/०८/०३ को सो समितिको निर्णयको सक्कल प्रति यस कार्यपालिकामानै पुनः निर्णयार्थ पेश भएको ।पेश भएको मुल्यांकन समितिको तपशीलको व्यहोरा हेरी यसै कार्यापालिका निर्णयबाट सारभुत रुपमा प्रभाव ग्राही प्रस्ताव स्वीकृत गर्न बाञ्छनिय रहेको,

योग्यता तालिका

| S.No. | Document/Eligibility Criteria | | Bidder name and address | | | Remarks |
|---|---|---|---|---|---|---|
| | | | Sudipa Trading Company Pvt.Ltd Balkhu,Kathmandu | C.B Construction Pvt.Ltd Banepa-6,Kavre | Herose's Construction Pvt.Ltd Bharatpur-12,Chitwan | |
| 1 | Letter of Bid | | YES | YES | YES | |
| 2 | Bid Security (Bank Guarantee) | As per notice. | 120 | 150 | 150 | Sudipa Trading **को** E-Bid **मा बैंक जमानतको मिति २०७६/११/०५ मा केरमेर गरि दस्तखत गरेको साथै** Hard Copy ma **पनि सोहि देखिएको तर कार्यालयको माग बिनानै क्रषि बिकास बैकको पत्र चलानि न:२४३ मिति २०७६/७/२६ मा बैक जमानतको मिति २०७६/११/१५ सम्म रहेको पत्रको फोटोकपि पेश हुन** |
| | | Submitted | 118 | 150 | 150 | |
| 3 | Company/Form registration | | YES | YES | YES | |
| 4 | VAT registration | | YES | YES | YES | |
| 5 | Tax clearances certificate or evidence of tax return submission | | YES | YES | YES | |
| 6 | Power of Attorney of Bid signatory | | YES | YES | YES | |
| 7 | Business Registration Certificate (License) | | NA | NA | NA | |
| 8 | Bank Voucher for cost of bid document | | YES | YES | YES | |

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| 9 | Completed BOQ | YES | YES | YES | आएको। |
| | Srtatus | Will Be Decided By Karyapalika | | | |

तुलनात्मक तालिका

| सि.न. | ठेक्का सम्बन्धि विवरण | न्युनतम अंक | Sudipa Trading Company Pvt.Ltd Balkhu,Kathmandu | C.B Construction Pvt.Ltd Banepa-6,Kavre | Herose's Construction Pvt.Ltd Bharatpur-12,Chitwan | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कबोल अंक | कबोल अंक | कबोल अंक | |
| 1.00 | ढुङ्गा.गिट्टि.बाल.रोडा.स्लेट तथा माटो आदि उत्खनन् तथा बिक्रि शुल्क (खानि क्षेत्र बाहेक) निजि जग्गामा उत्पादित समेत। | 142,000,000.00 | 145,700,000.00 | 143,100,000.00 | 143,000,000.00 | |
| | Sub Total (NRs.) | 142,000,000.00 | 145,700,000.00 | 143,100,000.00 | 143,000,000.00 | |
| | Discount | | | | | |
| | Total Amount | 142,000,000.00 | 145,700,000.00 | 143,100,000.00 | 143,000,000.00 | |
| | Grand Total Without VAT (NRs.) | 142,000,000.00 | 145,700,000.00 | 143,100,000.00 | 143,000,000.00 | |
| | Above(+) or Below (-) Amount | | 3,700,000.00 | 1,100,000.00 | 1,000,000.00 | |
| | Above(+) or Below (-)% | | 2.61 | 0.77 | 0.70 | |

उल्लेखित बिबरण अध्ययन गर्दा सबै भन्दा बढी आर्थिक प्रस्ताब पेश गर्ने सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.को यस अघि कार्यपालिका बैठकबाट निर्धारित बैंक जमानत अपुरो रहेको,निजले कार्यालयको माग बिनानै पेश गरेको पुरक कागजातलाई आधिकारिकता दिंदा अन्य कानुनी समस्याहरु उत्पन्न हुने, अर्को प्रस्ताबकले समेत अनपेक्षित बिबरण र पुष्टयाई पेश गर्ने र पुनः कार्यालय यस बिषयमा अनिर्णयको बन्दि बन्ने सम्भावना देखिएको तर कार्यालयलाई शिघ्राति शिघ्र यस बिषय उपर निर्णय गरि निकास दिन अनिबार्य देखिएको। साथै सोही मितिको बोलपत्र मुल्यांकन समितिको निर्णय व्यहोरामा कार्यपालिकालाई उपयुक्त प्रस्ताबदाता छनौट गर्न आबस्यक लागेमा स्थानिय राजस्व परामर्श समितिको राय समेत लिन सिफारिस गरिएकोमा बोलपत्रको सुचना प्रकाशन पूर्व राजस्व परामर्श समितिले सिफारिस गरेकै बैंक जमानतको अबधिलाई स्वीकार गरि यस अघिकै कार्यपालिका बैठकले निकास प्रदान गरेकोले थप सुझाब लिने तर्फ समय व्यतित नगरि नियमानुसार निज सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.को प्रस्ताब बैंक जमानतको म्याद अपुग भएको कारण योग्य बोलपत्र नभएको मानि दोश्रो बढी आर्थिक प्रस्ताबदाता सि.बि.कन्ट्रक्सन प्रा.लि. को प्रस्ताबलाई बैंक जमानत लगायत सबै कागजातबाट योग्य प्रस्ताब मानि सारभुत रुपमा प्रभावग्राही अधिक मुल्यांकित प्रस्ताबदाताको रुपमा स्वीकृत गर्ने सर्बसम्मत निर्णय गरियो ।

निर्णय नं.२

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

वडा नं ७ को अस्पताल रोडमा स्लाब ढलान कार्यकोलागी यस अघि मिति २०७६/०७/२४ को कार्यपालिका बैठकबाट भैपरी कोषबाट विनियोजन गर्ने गरि रु.१५००००।बिनियोजन गरेकोमा सो योजना सम्पन्नकोलागी केही थप रकम आबस्यक पर्ने देखिएकोले सो कामकोलागी गठीत उपभोक्ता समितिबाटै सो थप काम समेत सम्पन्न गर्ने गरि सोही शीर्षकबाट थप रु.१३००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.३

मनहरी गांउपालिकालाई बालमैत्री गांउपालिका घोषणा गर्ने सिलसिलामा सबै वडाहरुमा रहेका सामुदायीक बिधालयहरुमा भएका खानेपानी टंयाङ्की लगायत शौचालयहरु को मर्मत सम्भार तथा रंगरोगन लगायतकामको लागी खानेपानी टंयाङ्कीहरुको सामान्य मर्मत तथा शौचालयहरुको रंगरोगन लगायत सामान्य मर्मत गर्न मर्मत सम्भार कोषबाट रु.१० लाख बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ४.

मनहरी ९ जै सिंङ्ग र मनहरी ५ डिल्लिपुर जोड्न काठे सांघु निर्माण गर्न आबस्यकता परेकोले सो कामको लागी बिपद व्यबस्थापन कोषबाट रु.१०००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

वडा नं २ का बिभिन्न स्थानमा गत बिगत बर्ष देखिनै मर्मत सुधार भएको बिधुत तार पोल फेर्ने लगायत बिधुतिकरणको सम्पन्न भइसकेको काममा साबिक बर्षहरुमा बिनियोजित रकमबाट भुक्तानी हुन बांकी भई यस बर्ष क्रमागत योजनामा समाबेश गर्न छुट भएको भुन्द्रुङ्ग खोला बिधुत बिस्तार उपभोक्ता समितिको कामको प्राबिधिक नांपजांच सहीत मुल्यांकन गरि नियमानुसार रकम भुक्तानी दिन बिधुत बिस्तार तथा उज्यालो सडक कार्यक्रममा बिनियोजित रकमबाट खर्च लेख्ने गरि रु.२०००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

वडा नं १ गोगनपानीमा बिधुत ट्रान्सफरमर जडान लगायत बिधुतिकरण सुधार कार्यमा भएको बिल बमोजिमको रकम सोधभर्ना भुक्तानी दिन बिधुत बिस्तार तथा उज्यालो रडक कार्यक्रममा बिनियोजित रकमबाट खर्च लेख्ने गरि रु.५००००। बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

आ.ब.२०७६/०७७ को लागी गांउसभा बाट बिनियोजित वडा नं १ गोगनपानी गुम्बा मर्मत शीर्षकमा भएको रकम रु.३००००० ।सोही गुम्बा जाने बाटो स्तरीकरण गर्ने गरि योजनाको नाम परिबर्त गर्ने निर्णय गरियो ।

निर्णय नं ८

मनहरी गांउपालिका वडा नं ९ मा रहेको खरङ्गा चर्च मर्मत कार्यकोलागी मर्मत सम्भार कोषबाट रु.५००००। बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ९

वडा नं ६ को वडा स्तरीय बाल अधिकार/बालमैत्री सहजिकरण समितिले सोही वडाको रुपाचुरी फरिवाङ्ग लगायत दुर्गम टोलहरुमा बिभिन्न सचेतनामुलक कार्यक्रम तथा अनुगमन लगायतको कार्यक्रममा वडा स्तरीय बाल संजाल,बाल मैत्री स्वयम सेबक लगायत टोली संलग्न हुंदाको बिल भर्पाई बमोजिमको खाना खाजा तथा यातायात भाडा नियमानुसार बिबिध शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।